# कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापना कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९

स्वीकृत मितिः २०७९/०८/२१

प्रदेशमा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन उपयुक्त प्रविधिको अनुसन्धान, अनुसन्धानवाट आएका प्रविधि कृषक समक्ष पुऱ्याउन मन्त्रालयको चालू आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी ढङ्गवाट सञ्चालनको लागि मन्त्रालयवाट यो सञ्चालन प्रक्रिया स्वीकृत गरि लागू गरिएको छ ।

## परिच्छेद-१
## परिभाषा

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सञ्चालन प्रक्रियामाः-

(क) **"कृषि अनुसन्धान तथा प्रसार केन्द्र"** भन्नाले कृषि विषयसँग सम्बन्धीत खोज तथा अनुसन्धानमा संलग्न भई खोज तथा अनुसन्धानवाट आएका नतिजाहरु कृषक समक्ष पुर्याउन खोज तथा अनुसन्धान कार्यको लागि आवश्यक पर्ने भौतिक संरचना, प्रयोगशाला, तालिम हल, पुस्तकालय सहितको केन्द्र बुझ्नु पर्छ ।

(ख) **"प्रदेश"** भन्नाले बागमती प्रदेश बुझ्नु पर्छ ।

(ग) **"विश्वविद्यालय"** भन्नाले कृषि विषयसँग सम्बन्धीत विश्वविद्यालय बुझ्नु पर्दछ । सो शब्दले विश्वविद्यालय अन्तर्गतका आंगिक क्याम्पसहरु समेतलाई जनाउदछ ।

(घ) **"विस्तृत परियोजना प्रतिवेदन"** भन्नाले कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापनाको लागि विश्वविद्यालयवाट पेश भएको विस्तृत परियोजना प्रतिवेदन बुझ्नु पर्दछ ।

(ङ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई बुझ्नु पर्दछ ।

(च) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बुझ्नु पर्दछ ।

(छ) **"स्थानीय तह"** भन्नाले बागमती प्रदेश भित्रका गाउपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका बुझ्नु पर्छ ।

## परिच्छेद- २
## संस्थागत व्यवस्था

२. मूल्याङ्कन समितिः (१) कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापनाको लागि विश्वविद्यालयवाट पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस गर्न मन्त्रालयमा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको मूल्याङ्कन समिति गठन गरिनेछः-

(२) समितिले आवश्यकताका आधारमा बढीमा ३ जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) प्राविधिकवाट स्थलगत निरीक्षण गराउने,

(ख) सुचांक तयार गरि प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङकन गर्ने,

(ग) मूल्याङ्कन सम्वन्धि आवश्यक अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद- ३
## कार्यक्रम संचालन

३. **कार्यक्रम सञ्चालन हुने स्थान**: कृषि अनुसन्धान तथा प्रसार केन्द्र बागमती प्रदेशभित्र स्थापना गर्नुपर्नेछ ।

४. **सूचना प्रकाशन**: स्वीकृत कार्यक्रम अनुसार मन्त्रालयले विस्तृत परियोजना प्रतिवेदन (DPR) सहित प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-१ बमोजिम तीस दिनको सूचना प्रकाशन गरी विश्वविद्यालयहरुबाट प्रस्ताव माग गर्नेछ।

५. **प्रस्ताव मूल्याङ्कन र छनौट**: (१) पेश भएका प्रस्ताव उपर मूल्याङ्कन समितिले स्थलगत निरीक्षण तथा निश्चित सूचकहरुको आधारमा मूल्याङ्कन गरी छनौटका लागि मन्त्रालयमा सिफारीस गर्नेछ ।

(२) छनौटको जानकारी प्राप्त भएको मितिले सात दिन भित्र विश्वविद्यालयले मन्त्रालयमा सम्झौताको लागि सम्पर्क गर्नु पर्नेछ ।

(३) कार्यक्रम सञ्चालन प्रक्रिया सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद- ५
## विविध

६. **अनुगमन तथा मूल्याङ्कन:** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, मूल्याङ्कन समितिले आवश्यकता अनुसार गर्नेछ । कार्यक्रम कार्यान्वयनको चरणमा परामर्शदातावाट पनि तेश्रो पक्ष अनुगमन मूल्याङ्कन गर्न सकिनेछ।

७. **प्रचलित कानून बमोजिम हुने**: यस सञ्चालन प्रक्रियामा व्यवस्था भएका विषयहरु यसै प्रक्रिया र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

८. **संशोधन**: यस सञ्चालन प्रक्रियामा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

## अनुसूची- १
## दफा ४ सँग सम्बन्धीत
## प्रस्ताव आव्हान सूचना

प्रथम पटक प्रकाशित मितिः

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विश्वविद्यालयसँगको सहकार्यमा कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापना को लागि इच्छुक विश्वविद्यालयहरुवाट कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा तपसिल बमोजिमका कागजातहरु सहित ३०(तीस) दिनभित्र मन्त्रालयमा सिलबन्दी निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१.रु. १०।- को टिकट टाँसेको आवेदन,
२.कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापनाको लागि विश्वविद्यालयको निर्णय,
३.विश्वविद्यालयको अनुमति पत्र (आंगिक क्याम्पसले प्रस्ताव पेश गरेको हकमा),
४.विस्तृत परियोजना प्रतिवेदन,
५.नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह अन्य संघ संस्थाबाट सोही कामको लागि सहयोग लिए /नलिएको स्वघोषण पत्र ।

पुनश्चः "कृषि अनुसन्धान तथा प्रसार केन्द्र स्थापना कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९" कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको बेवसाईट www.molmac.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।